# पोखरा महानगरपालिका

## आर्थिक विकास महाशाखा

# केही कृषी उत्पादनहरुको माग तथा आपूर्ती नक्शांकन सम्वन्धी एक अध्ययन

प्राविधिक सहयोग

सुदृढ–नेपाल शहरी उत्थानशिलता परियोजना

**(Nepal Urban Resilience Project)**

अन्तिम मस्यौदा प्रतिवेदन

फाल्गुण २०७७

# विषय सूची

१. परिचय (**introduction**) ........ २
१.१ पृष्ठभुमी ........ २
१.२ अध्ययनको उद्देश्य ........ २
१.३ अध्ययन विधि ........ ३
१.४ अध्ययनका सिमा ........ ४
२. तथ्यांक प्रस्तुतीकरण र विश्लेषण (**Data Analysis**) ........ ५
२.१ तथ्यांक प्रस्तुतीकरण ........ ५
२.२ तथ्यांक विश्लेषण (Data Analysis) ........ ८
३. समस्या र चुनौती (**problems and Challenges**) ........ २८
४. नतिजा सारांश र सुझाव (**summary and suggestions**) ........ ३०

# १. परिचय (introduction)

## १.१ पृष्ठभुमी

नेपालका ६ महानगरपालिकाहरूमध्ये पोखरा सबैभन्दा ठूलो र गण्डकी प्रदेशको एक मात्र महानगर हो । साविकका दुईवटा नगरपालिकाहरू पोखरा उपमहानगरपालिका र लेखनाथ नगरपालिका सहित छिमेकी गाँउ विकास समितिहरु आपसमा गाभिएर बनेको पोखरा महानगरको क्षेत्रफल करिब ४६५ वर्ग कि.मी. छ । भुगोगका हिसावले काठमाडौं महानगरभन्दा नौ गुणा ठूलो पोखरा महानगरपालिका प्रशासनिक रुपमा ३३ वडामा विभक्त छ । यस महानगरले उपलब्ध प्राकृतिक तथा मानवीय स्रोत साधनको समुचित उपयोग विविधिकृत र समावेशी आर्थिक अवसरहरुको प्रवर्द्धन मार्फत बि.सं. २१०० सम्म **समुन्नत पर्यटकीय शहरमा** रुपान्तरित हुने दिर्घकालिन लक्ष्य तय गरेको छ ।

सन्तुलित विकास तथा आर्थिक समृद्धिका लागि अथाह सम्भावना बाकेको महानगरले नागरिकको तिब्र विकासको महत्वाकांक्षालाई संवोधन गर्न तथा सामाजिक आर्थिक रुपान्तरण हासिल गर्न थुप्रै सृजनशील प्रयासहरु गरिरहेको छ । नवगठित महानगर निकै विविधिकृत छ र यसको स्थानीय अर्थतन्त्रमा अत्याधुनिक शहरी देखी अर्धशहरी र निर्वाहमुखी ग्रामीण चरित्र विद्यमान छ । पोखरा महानगरको स्थानीय अर्थतन्त्रका मूख्य संवाहकका रुपमा क्रमशः पर्यटन तथा सेवा क्षेत्र, कृषी तथा पशुपालन क्षेत्र र उद्योग व्यापार क्षेत्र रहेका छन् । अत्याधुनिक शहरी चरित्रको पर्यटन तथा सेवा उद्योगसँग कृषि क्षेत्रलाई आवद्ध गर्न सके मात्र निर्वाहमुखी ग्रामिण अर्थतन्त्रको रुपान्तरण र समावेसी आर्थिक विकास हासिल गर्ने रणनीति महानगरले लिएको छ ।

## १.२ अध्ययनको उद्देश्य

अपार प्राकृतिक तथा मानवीय स्रोतका कारण प्राप्त सम्भावना र अवसरहरुको समुचित उपयोग गर्न वस्तुगत तथ्यमा आधारित योजना र रणनीति आवश्यक हुन्छ । आत्मनिर्भर स्थानीय अर्थतन्त्र निर्माण गर्ने रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि महानगर क्षेत्रमा खपत हुने वस्तुहरुको माग र आपूर्तीका स्रोत पहिचान (नक्शांकन) गरि यही उत्पादन वृद्धि गर्न सकिने वस्तुहरु पहिचान गर्नु जरुरी छ । यसै तथ्यलाई आत्मसाथ गरेर महानगरको मूख्य बजार क्षेत्रमा उपभोग हुने र महानगर क्षेत्र तथा छिमेकी गाँउपालिका वा जिल्लाहरुमा उत्पादन हुने फलफुल, तरकारी, दुध र मासुजन्य उत्पादनहरुको माग र आपूर्तीको स्रोत परिचान गर्ने प्रमुख उद्देश्य सहित यो अध्ययन गरिएको हो ।

**विशिष्ट उद्देश्यहरुः**

१. पोखरा महानगर क्षेत्रमा खपत हुने प्रमुख फलफुल, तरकारी, दुध तथा मासुजन्य वस्तुको पहिचान गर्ने ।
२. पहिचान भएका वस्तुहरुको माग, आपूर्ती र मूल्यको मासिक प्रवृत्ति (seasonal trend) पत्ता लगाउने ।
३. पहिचान भएका वस्तुहरुको माग र आपूर्ती बिचको अन्तर (gap) पत्ता लगाउने ।

४. पहिचान भएका वस्तुहरुको माग र आपूर्तीका प्रमुख स्रोत पहिचान गर्ने ।

५. पहिचान भएका वस्तुहरुका उत्पादक तथा व्यवसायीहरुका प्रमुख समस्या पहिचान गर्ने ।

६. अध्ययनबाट प्राप्त नतिजा र सरोकारवालाबाट संकलित राय सल्लाहका आधारमा महानगरका लागि उपयुक्त सुझाव पेश गर्ने ।

### १.३ अध्ययन विधि

सर्वेक्षण विधि (Survey Method) अवलम्वन गरेर यो अध्ययन गरिएको छ । त्यस क्रममा सर्वप्रथम पोखरा महानगरपालिका कृषी तथा पशुसेवा शाखासँगको परामर्शमा महानगर क्षेत्रमा खपत हुने र महानगर भित्र तथा छिमेकी क्षेत्रमा उत्पादन हुने प्रमुख वस्तुहरु पहिचान गरियो । त्यसरी पहिचान भएका वस्तुहरुलाई विभिन्न चारः १) तरकारी, २) फलफुल, ३) मासु तथा अण्डा र ४) दुध समूहमा विभाजन गरियो । सबै समूहको उचित प्रतिनिधित्व हुनेगरि उद्देश्यमुलक नमुना संकलन (Purposive Random Sampling) विधि अवलम्वन गरि कुल १९६ उत्तरदाता छनौट गरि अनुकुलताको आधारमा उनीहरुको व्यवसाय, कार्यस्थल तथा उत्पादनस्थल (खेतबारी) मा नै पुगेर प्रश्नावली भराएर सुचना तथा तथ्यांक संकलन गरियो ।

कोरोना भाईरसका कारण सिर्जित असहज परिस्थिती तथा सिमित स्रोत साधनका साथ गरिएको यस अध्ययनलाई सम्भव भएसम्म प्रतिनिधिमुलक र वस्तुगत बनाउने प्रयास गरिएको छ । त्यसका लागि फरक फरक भौगोलिक क्षेत्रको विशेषता र त्यहाँ उत्पादन हुने वस्तुहरुको प्रकृती अनुरुप सम्भव भएसम्म अधिकतम वडाहरुबाट उत्तरदाता छनौट गर्ने प्रयास गरिएको छ । कृषी महाशाखा तथा पशुसेवा शाखाका अधिकारीहरु सँगको सहकार्यका पहिलो चरणमा उत्पादक तथा व्यवसायीका लागि फरक फरक प्रश्नावली (Questionnaire) तयार गरिएको थियो । पूर्वपरिक्षणको क्रममा संघसंस्था तथा सम्वन्धीत क्षेत्रका विज्ञहरुको लागि समेत छुट्टै प्रश्नावली आवश्यक रहेको अनुभुती भएकाले संघसंस्था तथा विज्ञहरुका लागि पनि प्रश्नावली तयार गरेर उत्तरदातासँग प्रत्यक्ष भेटेर अन्तरक्रीया गरि तथ्यांक तथा सुचना संकलन गरियो ।

**तालिका १: अध्ययनमा संलग्न उत्तरदाताहरुको विवरण**

| उत्तरदाता समूह/क्षेत्र | संख्या | प्रतिशत |
|---|---|---|
| व्यवसायी/व्यापारी | ९७ | ५०% |
| उत्पादक/कृषक | ५९ | ३०% |
| संघसंस्था/विज्ञ | ४० | २०% |
| **जम्मा** | **१९६** | **१००%** |

स्रोतः स्थलगत सर्वेक्षण

प्रश्नावली प्रयोग गरेर स्थलगत सर्वेक्षण बाट संकलन गरिएका कच्चा तथ्य (raw data) लाई माइक्रोसफ्ट इक्सेल (ms excel) मा प्रविष्ठ गरि प्रशोधन गरियो । त्यस क्रममा विभिन्न बाली समूह तथा वस्तु समूहका

तथ्यांकलाई एकिकृत गरियो । उदाहरणको लागि विभिन्न मौसममा उत्पादन हुने वस्तुहरुलाई एकिकृत गरेर मौसमी तरकारी नामाकरण गरियो भने । गाई र भैसीको दुधलाई पनि एउटै दुध समूहमा राखेर विश्लेषण गरियो । त्यसरी एकिकृत गर्ने क्रममा माग र आपूर्तीको परिमाण जोडेर कुल परिमाण निकालियो भने मूल्यको हकमा भारित औसत (weighted average) विधि अनुसार प्रतिनिधिमूलक मूल्य पत्ता लगाईयो । यसरी निकालिएको माग आपूर्ती र मूल्यको मासिक तथ्यांकलाई साधारण तथ्यांकशास्त्रीय विधि तथा रेखाचित्रको माध्यमबाट सरल र स्पष्टरुपमा प्रस्तुत गरिएको छ ।

## १.४ अध्ययनका सिमा

निर्वाहमुखी ग्रामिण अर्थतन्त्रलाई अत्याधुनिक शहरी अर्थतन्त्रसँग जोड्दै स्थानीय उत्पादनका आत्मनिर्भर हुन महानगरले आगामी दिनमा निर्माण गर्ने योजना तथा रणनीतिका लागि यस अध्ययनबाट प्राप्त हुने नतिजा र निश्कर्ष अत्यन्तै उपयोगी हुने अपेक्षा गरिएको छ । यद्यपी, विषम् परिस्थितीमा उपलब्ध साधन स्रोतबाट सिमित उत्तरदाताहरु (Small Sample Size) सँग गरिएको अन्तरक्रीया र सर्वेक्षणमा आधारित यो अध्ययन आफैमा पुर्ण नहुन सक्छ र यसका प्रशस्त सिमाहरु छन् ।

- सर्वप्रथम उद्देश्यमूलक नमुना संकलन विधिबाट गरिएको अध्ययनले कृषी उत्पादन बजारको कुल आकार (market size) प्रतिविम्बित गर्दैन ।
- पुराना र स्थापित थोक बजारबाट मात्र तथ्यांक संकलन गरिएकाले महानगरले प्रवर्द्धन गरेका किसान बजार तथा विभिन्न टोल र साना बजार केन्द्रमा रहेको खुद्रा बजारलाई अध्ययनले समेटेको छैन ।
- आपूर्तीको हकमा कृषी उत्पादनका ठुला पकेट क्षेत्र र केही व्यवसायिक उत्पादकहरु सँगबाट मात्र सूचना संकलन गरिएकाले अन्य साना तथा मौसमी उत्पादकहरुको आपूर्ती अवस्था समावेश छैन ।
- बजार क्षेत्रमा पनि तरकारी, दुध तथा मासुजन्य वस्तुको उत्पादन हुने र टोल छिमेकमा बिक्रिवितरण हुने भएकाले त्यस्ता उत्पादनको लेखाजोखा यस अध्ययनमा गरिएको छैन ।
- पोखरा महानगर र छिमेकी क्षेत्रमा अत्यन्तै न्यून उत्पादन हुने र ठुलो मात्रामा उत्पादनको सम्भावना नभएका वस्तुहरुलाई अध्ययनमा समावेश गरिएको छैन ।

# २. तथ्यांक प्रस्तुतीकरण र विश्लेषण (Data Analysis)

## २.१ तथ्यांक प्रस्तुतीकरण

अध्ययनमा सहभागी जम्मा १९६ उत्तरदाता मध्ये सबैभन्दा धेरै ३५ प्रतिशत (६९ जना) प्रतिनिधित्व तरकारी वस्तु समूहबाट थियो । त्यसपछि मासु तथा अण्डा समूहका वस्तुको प्रतिनिधित्व २७ प्रतिशत (५३ जना) रह्यो भने सबैभन्दा कम फलफुल समूहबाट ९ प्रतिशत (१७ जना) प्रतिनिधित्व भएको थियो । पोखरामा खपत हुने अधिकांश फलफुलहरु महानगर तथा छिमेकी क्षेत्रमा उत्पादन नहुने भएकोले यो समूहका उत्तरदाता कम भएका हुन । तालिका २ मा यसको विस्तृत प्रस्तुती गरिएको छ ।

**तालिका २: वस्तु समूहको आधारमा उत्तरदाताहरुको विवरण**


| वस्तु समूह | व्यवसायी/विक्रेता | उत्पादक/आपूर्तीकर्ता | संघसंस्था/विज्ञ | जम्मा | |
|---|---|---|---|---|---|
| | | | | संख्या | हिस्सा (प्रतिशत) |
| **तरकारी** | २८ | २३ | १८ | ६९ | ३५% |
| **फलफुल** | ९ | ३ | ५ | १७ | ९% |
| **दुध** | १० | ११ | १४ | ३५ | १८% |
| **मासु अण्डा** | ३९ | १४ | | ५३ | २७% |
| **माछा** | ११ | ८ | ३ | २२ | ११% |
| **जम्मा** | **९७** | **५९** | ४० | **१९६** | **१००%** |

स्रोतः स्थलगत सर्वेक्षण

अध्ययनका क्रममा करिब ५३ प्रतिशत (३१ जना) उत्पादक वा आपूर्तीकर्ता कुनै पनि संघसंस्थामा आवद्ध वा संगठित नभएको पाइयो भने बाँकी ४७ प्रतिशत (२८ जना) विभिन्न प्रकारका संघसंस्थामा आवद्ध भएको देखियो । असंगठित रुपमा उत्पादन र आपूर्तीमा संलग्न भएका उत्तरदाताहरुले बजारमा सहज पहुँच, माग तथा मूल्यका विषयमा सहि सूचना र महानगर तथा अन्य सरकारबाट उपलब्ध अनुदान तथा प्राविधिक सहयोग प्राप्त गर्न सहज नभएको प्रतिकृया प्राप्त भएको थियो ।

त्यसैगरि, संघसंस्था वा विज्ञ समूहका उत्तरदाताहरु मध्ये सबैभन्दा बढी ४५ प्रतिशत तरकारी समूहका वस्तु सँग सम्वद्ध क्षेत्रमा आवद्ध रहेको पाइयो । दुघ, पोल्ट्री तथा मासु सम्वद्ध क्षेत्रमा काम गर्नेहरु २५ प्रतिशत रहेको पाइयो भने २३ प्रतिशत जागिर वा आफ्नै पेशामा आवद्ध रहेको देखियो । सबैभन्दा कम ७ प्रतिशत मत्स्यपालन क्षेत्रसँग संवद्ध सहकारी लगायतका संघसंस्थामा आवद्ध भएको पाइयो ।

**चित्र १: उत्पादक/आपूर्तीकता र संघसंस्था/विज्ञ समूहका उत्तरदाताहरुको विवरण**




स्रोतः स्थलगत सर्वेक्षण

उमेर समूहका आधारमा हेर्दा ३० वर्षदेखी ५० वर्ष सम्मका उत्तरदाता सबैभन्दा धेरै ६६ प्रतिशत रहेको पाइयो । यसले कृषी उत्पादनसँग सम्वन्धीत पेशा व्यवसायमा आवद्ध भएको संकेत गर्दछ । ३० वर्षभन्दा कम उमेरका उत्तरदाताको अनुपात २३ प्रतिशत रहेको देखियो भने ५० वर्षभन्दा बढी उमेर हुनेको अनुपात ९ प्रतिशत रह्यो । समग्रमा व्यवसायिक कृषी वस्तुहरुको उत्पादन तथा बिक्रिवितरणको क्षेत्रमा युवा पुस्ताको बाहुल्यता रहेको संकेत यस अध्ययनले गरेको छ ।

**तालिका ३: उमेर समूहको आधारमा उत्तरदाताहरुको विवरण**

| उमेर समूह | उत्तरदाता | | | जम्मा संख्या | हिस्सा (प्रतिशत) |
|---|---|---|---|---|---|
| | उत्पादक/आपूर्तीकर्ता | व्यवसायी | संघसंस्था/विज्ञ | | |
| ३० वर्षभन्दा कम | १६ | २३ | ७ | ४६ | २३ % |
| ३० देखी ४० वर्ष | १८ | ४५ | ८ | ७१ | ३५.५% |
| ४१ देखी ५० वर्ष | २५ | २९ | ७ | ६१ | ३०.५% |
| ५० वर्षभन्दा बढी | ० | ० | १८ | १८ | ९% |
| **जम्मा** | **५९** | **९७** | **४०** | **१९६** | **१००** |

स्रोतः स्थलगत सर्वेक्षण

धर्म संस्कृतीका आधारमा सबैभन्दा धेरै ८६ प्रतिशत उत्तरदाता हिन्दु समुदायबाट रहेको पाइयो भने सबैभन्दा कम ३ प्रतिशत मुश्लिम समुदायका उत्तरदाता भेटियो । तर, उत्पादक वा आपूर्तीकर्तामा मुश्लिम समुदायको प्रतिनिधित्व शुन्य रह्यो । यसले कृषी उत्पादनका क्षेत्रमा उक्त समुदायका मानिसहरुको संलग्नता पनि शून्य वा अत्यन्तै न्यून रहेको हुन सक्ने संकेत गरेको छ । बौद्ध र क्रिश्चियन समुदायका उत्तरदाताको अनुपात क्रमशः ६ प्रतिशत र ५ प्रतिशत रहेको देखियो ।

**तालिका ४: धर्म संस्कृतीका आधारमा उत्तरदाताहरुको विवरण**

| धर्म | उत्तरदाता | | | जम्मा संख्या | हिस्सा (प्रतिशत) |
|---|---|---|---|---|---|
| | उत्पादक/आपूर्तीकर्ता | व्यवसायी | संघसंस्था/विज्ञ | | |
| हिन्दु | ५४ | ९१ | २४ | १६९ | ८६% |
| मुस्लिम | ० | २ | ४ | ६ | ३% |
| बौद्ध | २ | २ | ८ | १२ | ६% |
| क्रिष्चीयन | ३ | २ | ४ | ९ | ५% |
| **जम्मा** | **५९** | **९७** | **४०** | **१९६** | **१००%** |

स्रोतः स्थलगत सर्वेक्षण

जातीय समुदायका आधारमा सबैभन्दा धेरै ५० प्रतिशत उत्तरदाता ब्राह्मण समुदायबाट रहेको पाइयो भने सबैभन्दा कम ४ प्रतिशत मधेशी समुदायका उत्तरदाता रहेको भेटियो । उत्पादक र संघसंस्था वा विज्ञ समूहमा मधेशी समुदायको प्रतिनिधित्व शुन्य रहेको देखियो । तर, व्यवसायीहरुमा भने मधेशी समुदायको उपस्थिती औसत भन्दा बढी रहनुले पोखरामा तराई जिल्ला र भारतबाट समेत कृषी उत्पादन आयात हुने गरेको र सोही सिलसिलामा उक्त समुदायका मानिसहरुको संलग्नता हुने गरेको देखियो । त्यसैगरि, जनजाती र क्षेत्री समुदायका उत्तरदाताको अनुपात क्रमशः १९ प्रतिशत र १० प्रतिशत रहेको देखियो । मस्त्यपालन र संवन्धित क्षेत्रमा स्थानीय जलारी समुदायको बाहुल्यता रहेको अध्ययनले देखाएको छ । कुल उत्तरदातामा जलारी समुदायबाट ४ प्रतिशतको प्रतिनिधित्व रहेको थियो ।

**तालिका ५: जातीय समुदायका आधारमा उत्तरदाताहरुको विवरण**

| जाती | उत्तरदाता | | | जम्मा संख्या | हिस्सा (प्रतिशत) |
|---|---|---|---|---|---|
| | उत्पादक/आपूर्तीकर्ता | व्यवसायी | संघसंस्था/विज्ञ | | |
| ब्राह्मण | ३५ | ४८ | १६ | ९९ | ५०% |
| क्षेत्री | ९ | १० | १ | २० | १०% |
| जनजाती | १० | १७ | १० | ३७ | १९% |
| दलित | १ | ११ | ६ | १८ | ९% |
| जलारी | ४ | ४ | ७ | १५ | ८% |
| मधेशी | ० | ७ | ० | ७ | ४% |
| **जम्मा** | **५९** | **९७** | **४०** | **१९६** | **१००%** |

स्रोतः स्थलगत सर्वेक्षण

लिङ्गका आधारमा हेर्दा कृषी वस्तुहरुको उत्पादन विक्रि वितरण देखी संवन्धित संघसंस्थाहरुमा पनि पुरुषको नै बाहुल्यता रहेको पाइयो । तर, संघसंस्था वा विज्ञ समूहमा महिला र पुरुष उत्तरदाताको भिन्नता तुलनात्मक रुपमा कम रहनुले कृषीसँग संवन्धित सहकारी तथा अन्य संस्था र कृषक समूहमा महिलाको उपस्थिती राम्रै रहेको देखिएको छ, जुन सकारात्मक हो ।

**तालिका ६: लिङ्गका आधारमा उत्तरदाताहरुको विवरण**

| लिङ्ग | उत्तरदाता | | | जम्मा संख्या | हिस्सा (प्रतिशत) |
|---|---|---|---|---|---|
| | उत्पादक/आपूर्तीकर्ता | व्यवसायी | संघसंस्था/विज्ञ | | |
| पुरुष | ४८ | ८३ | २४ | १५५ | ७९% |
| महिला | ११ | १४ | १६ | ४१ | २१% |
| **जम्मा** | **५९** | **९७** | **४०** | **१९६** | **१००%** |

स्रोतः स्थलगत सर्वेक्षण

अध्ययनमा सहभागी कुल ९७ व्यवसायी सबै विधिवत रुपमा संवन्धित सरकारी निकायमा दर्ता भएर व्यवसाय सञ्चालन गरेको पाईयो । पेशा वा व्यवसायमा संलग्न अवधीका आधारमा सबै समूहका उत्तरदाताहरु मध्ये ५२ प्रतिशत आफ्नो पेशा वा व्यवसायमा विगत ५ वर्षभन्दा लामो अवधी देखी संलग्न रहेको देखियो । बाँकी ४८ प्रतिशत उत्तरदाताले आफ्नो पेशा वा व्यवसायमा १ वर्ष देखी ५ को अनुभव वा संलग्नता रहेको जानकारी गराएका छन् भने १ वर्षभन्दा कम अवधी देखी आफ्नो पेशा व्यवसायमा रहनेको संख्या शुन्य रहेको छ ।

**तालिका ७: पेशा व्यवसायमा संलग्न अवधीका आधारमा उत्तरदाताहरुको विवरण**

| संलग्न अवधी | उत्तरदाता | | | जम्मा संख्या | हिस्सा (प्रतिशत) |
|---|---|---|---|---|---|
| | उत्पादक/आपूर्तीकर्ता | व्यवसायी | संघसंस्था/विज्ञ | | |
| १ वर्षभन्दा कम | ० | ० | ० | ० | ०% |
| १ देखी ५ वर्ष | ३३ | ४१ | २१ | ९५ | ४८% |
| ५ वर्षभन्दा बढी | ६४ | १८ | १९ | १०१ | ५२% |
| **जम्मा** | **५९** | **९७** | **४०** | **१९६** | **१००%** |

स्रोतः स्थलगत सर्वेक्षण

## २.२ तथ्यांक विश्लेषण


यस खण्ड प्रमुख तिन विषयमा केन्द्रित छ । पहिलो, अध्ययनमा समावेस वस्तु वा बाली समूहका उत्पादनको समग्र मागको स्रोत पहिचान गर्ने । दोश्रो माग, आपूर्ती र मूल्यको मौषमी प्रवृत्ती (seasonal pattern) प्रस्तुत गरिएको छ । अधिकांश कृषी उपजहरुको उत्पादन तथा मूल्य मौषम अनुसार फरक फरक हुने भएकोले माग र आपूर्तीको मौषमी प्रवृत्तीको विश्लेषणले महानगरलाई आवश्यक रणनीति निर्माणमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । तेस्रोमा सबै वस्तु वा बाली समूहका उत्पादनको एकल माग र आपूर्तीको स्रोत पहिचान गरि स्थानीय आपूर्ती र माग बिचको अन्तर (gap) पहिचान गर्ने प्रयास गरिएको छ ।

### २.१.१ मागको प्रमुख स्रोत (Major sources of demand)

अध्ययनका क्रममा व्यवसायी वा वितरकहरु मार्फत उनीहरुका ग्राहकका आधारमा उनीहरुले विक्रिवितरण गर्ने वस्तुहरुको मागको स्रोत पहिचान गर्ने प्रयास गरिएको छ । त्यसरी वस्तुगत रुपमा प्राप्त तथ्यांकलाई कुल खपतमा

ती वस्तुको हिस्सा (weight) लाई आधार मानेर गणना गरिएको भारित औसतका आधारमा समग्र उत्पादनहरुको मागको स्रोत अनुमान गरिएको छ । यस अध्ययनबाट खुद्रा बजारबाट कृषी उपजहरुको सबैभन्दा धेरै माग आउने गरेको देखियो भने दोस्रो ठुलो मागको स्रोत होटल रेष्टुरेण्ट तथा पार्टी प्यालेसहरु रहेको पाइयो । करिब १२–१३ प्रतिशत माग थोक बजारबाट समेत आउने गरेको देखियो । यसले पोखरामा रहेका विभिन्न थोक बजार बिच एक आपसमा किनबेच हुने गरेको संकेत गर्छ । त्यसैगरी, १ प्रतिशत माग घरायसी उपभोक्ता बाट आउने गरेको देखियो भने १–२ प्रतिशत पोखरा बाहिर निर्यात हुने गरेको पाइयो ।


**चित्र २: व्यवसायीका लागि मागको प्रमुख स्रोत (सबैभन्दा धेरै कृषी उपज खपत हुने क्षेत्र)**




स्रोतः स्थलगत सर्वेक्षण

त्यसैगरी, उत्पादकहरुले बिक्रि गर्ने कृषी उपजहरुको सबैभन्दा धेरै (५६ प्रतिशत) माग थोक बजारबाट आउने गरेको देखियो भने दोस्रो ठुलो (३९ प्रतिशत) मागको स्रोत खुद्रा बजार रहेको पाईयो । उत्पादकहरुले होटल रेष्टुरेण्ट तथा पार्टी प्यालेसमा प्रत्यक्ष रुपमा बिक्रि गर्ने उत्पादनको हिस्सा ४ प्रतिशत रहेको देखियो । यसले पोखरा क्षेत्रमा उत्पादन हुने कृषी उपजका उत्पादक र उपभोक्ता बिचको कारोबार न्यून रहेको संकेत गर्छ । अन्त्यमा, उत्पादकहरुले पनि १ प्रतिशत उत्पादन पोखरा बाहिर निर्यात गर्ने गरेको पाइयो ।

**चित्र ३: उत्पादकका लागि मागको प्रमुख स्रोत**



### २.१.२ **मौषमी प्रबृत्ती** (seasonal pattern)

पोखरा महानगरपालिका क्षेत्रमा खपत हुने कृषी उपजहरुको माग, आपूर्ती र मूल्यमा मौषम अनुरुप आउने परिवर्तन आंकलन गर्न नमुना सर्वेक्षणबाट प्राप्त तथ्यांकलाई प्राकृतिक लग मान (natural log scale) मा रुपान्तरण गरेर उपयुक्त रेखाचित्रको माध्यमले सरल र स्पष्ट रुपमा देखाउने प्रयास गरिएको छ । तसर्थ, यहाँ प्रस्तुत अंकले अध्ययनमा समावेश वस्तु वा बाली समूहका उत्पादनको यथार्थ माग, आपूर्ती र मूल्यको आंकडा देखाउँदैन ।


#### **क. फलफुल समूह** (fruits group)

पोखरा महानगरपालिकामा विभिन्न प्रजाती स्वदेशी देखी बिदेशी फलफुल विक्रि वितरण हुने भए पनि महानगर क्षेत्र वा छिमेकी गाँउपालिका तथा जिल्लामा उत्पादन हुने फलफुलहरु स्याउ, शुन्तला र केरालाई मात्र अध्ययनमा समावेश गरिएको छ ।

#### **स्याउ** (Apple)


पोखरा महानगरमा उत्पादन नहुने भए पनि कास्कीका हिमाली गाँउपालिकाहरुमा सम्भावना भएको र छिमेकी जिल्ला मनाङ्ग र मुस्ताङ्गमा उत्पादन भइरहेको हुनाले यसलाई अध्ययनमा समावेश गरिएको हो । महानगरमा उत्पादन नहुने भएकाले यसको आपूर्तीको तथ्यांक उपलब्ध हुन नसक्दा माग र मूल्यलाई मात्र प्रस्तुत गरिएको छ । मासिक रुपमा हेर्दा पुष–माघ र असार–साउनमा बाहेक अन्य महिनामा पोखरामा स्याउको माग लगभग स्थिर नै रहने गरेको देखियो । आपूर्ती पक्षको उपस्थिती नभएको कारण स्याउको मूल्यले पनि मागको प्रवृत्तिलाई पछ्याएको देखियो ।

**चित्र ४: स्याउको माग र आपूर्तीको मौषमी प्रवृत्ती**




स्रोत: स्थलगत सर्वेक्षण

**चित्र ५: स्याउको मूल्यको मौसमी प्रवृत्ती**





पोखरा महानगरमा उत्पादन नहुने स्याउको आपूर्तीमा करिब आधा (४९ प्रतिशत) चिनबाट आयात हुने गरेको रहेछ भने भारतीय स्याउको हिस्सा १८ प्रतिशत रहेको देखियो । बाँकी करिब एक तिहाई (३३ प्रतिशत) आपूर्ती छिमेकी जिल्लाहरु (मनाङ्ग र मुस्ताङ्ग) बाट हुने गरेको पाइयो ।

**केरा** (banana)


केरा पनि पोखरा महानगर क्षेत्रमा अत्यन्तै कम उत्पादन हुने फलफुल हो । यद्यपी, यसलाई प्रवर्द्धन गर्न सके सम्भावना भने प्रसस्तै रहेको सरोकारवालाहरुले अध्ययनको क्रममा बताएका छन् । पोखरामा खपत हुने मध्ये करिब आधा (०.५) प्रतिशत केरा महानगर क्षेत्रमा उत्पादन हुने र ५ प्रतिशत जती छिमेकी जिल्लाबाट आपूर्ती हुने गरेको देखियो । बाँकी करिब ९५ प्रतिशतमा करिब ८० प्रतिशत तराईका जिल्लाबाट र १५ प्रतिशतको हाराहारी भारतबाट आयात हुने गरेको अध्ययनले देखाएको छ ।

**चित्र ६: केराको माग र आपूर्तीको मौसमी प्रवृत्ती**




स्रोत:स्थलगत सर्वेक्षण

**चित्र ७: केराको मूल्यको मौसमी प्रवृत्ती**





महानगर क्षेत्रमा केराको उत्पादन अत्यन्तै न्यून भएकाले यसको आपूर्ती देखिएको छैन । मागको मौसमी प्रवृत्ती हेर्दा पुष–माघ बाहेक अन्य महिनामा यसको खपत लगभग स्थिर रहेकाले मूल्यमा पनि सोही प्रवृत्ती देखिन्छ । तर, आर्थिक वर्ष २०७६/७७ मा भने कोरोना महामारीका कारण चैत र वैशाखमा समेत खपत र मूल्य दुबैमा कमी आएको देखिन्छ ।

### शुन्तला (orange)


पोखरामा लगभग सबै महिनाहरुमा खपत हुने शुन्तला महानगर क्षेत्रमा पनि प्रसस्तै उत्पादन हुने गरेको छ। तथापी, महानगर क्षेत्रमा उत्पादन हुने उच्च गुणस्तरको शुन्तला (करिब ३० प्रतिशत) काठमाडौं लगायत अन्य बजारमा निर्यात हुने र बाँकी शुन्तला उत्पादक तथा स्थानीय खुद्रा व्यापारीले बजारका चोक र गल्लीहरुका साथै आवासीय क्षेत्रमा समेत डुलाएर बिक्रि गर्ने भएकाले थोक बजारमा ठुलो मात्रामा आपूर्ती नहुने गरेको पाइयो। तसर्थ, स्थानीय उत्पादन र छिमेकी गाँउ तथा जिल्लाबाट हुने आयातले शुन्तलाको मूख्य मौषममा करिब ७० प्रतिशत माग धान्ने गरेको देखियो। बाँकी २० प्रतिशत काठमाडौं क्षेत्रबाट र नपुग १० प्रतिशत विदेशबाट आयात गरेर आपूर्ती हुने गरेको देखियो। बेमौषममा भने लगभग शतप्रतिशत नै बिदेशबाट आयात हुने व्यवसायीहरुको भनाई छ।

**चित्र ८: शुन्तलाको माग आपूर्तीको मौषमी प्रवृत्ती**




स्रोत: स्थलगत सर्वेक्षण

**चित्र ९: शुन्तलाको मूल्यको मौषमी प्रवृत्ती**




सामान्यतया वर्षभरी नै उपलब्ध भए पनि व्यापारका हिसावले शुन्तलाको मूख्य मौषम कात्तिक देखी बैशाखसम्म रहेको देखियो । कात्तिकमा स्थानीय उत्पादन शुरु हुने भएकाले बजारको खपत घट्ने रहेको पाईयो जसको प्रत्यक्ष असर मूल्यमा समेत पर्न गई मूल्यमा केही कमी आउने गरेको देखिन्छ । अन्य महिनाहरुमा भने मूल्य लगभग स्थिर नै रहने गरेको पाइयो। तर, आर्थिक वर्ष २०७६/७७ मा भने कोरोना महामारीको असरका कारण माग सँगै मूल्यमा पनि ठुलै गिरावट आएको पाइयो।

**फलफुलमा प्रमुख समस्या** (major problems on fruits)

- स्याउ केरामा शून्य स्थानीय उत्पादन (zero local production of apple and banana)
- शुन्तलामा प्रशस्त सम्भावना भए पनि न्यून उत्पादन (low production of orange despite high potential)
- केराको व्यवसायिक खेती प्रवर्द्धन गर्न नसकिएको (no commercial farming of banana)
- शुन्तला बालीमा .........रोगको प्रकोप (....disease on organge)

## ख. माछा मासु समूह (meat group)

पोखरामा कानुनले प्रतिवन्ध गरेका बाहेक नेपाली समाजमा उपभोग हुने लगभग सबै प्रजातीका पशुपञ्छीको मासु खपत हुने गरेको छ । तालको शहर भनेर चिनिने पोखरा महानगरपालिका माछाका लागि समेत प्रसिद्ध छ भने ब्रोइलरका साथै स्थानीय कुखरा र हाँस प्रजातीका पंछीहरुको समेत उपभोग बढ्दो छ ।


### राँगा भैसी (buff)

पोखरामा खपत हुने प्रमुख मासुमध्ये राँगा भैसी प्रजाती पनि एक हो । प्रमुख बजार क्षेत्रमा औपचारिक रुपमा ( होटल रेष्टुरेण्टमा) हुने कारोबारका आधारमा पोखरामा मासिक औसत ३५ मेट्रिक टन रागा भैसीको मासु खपत हुने गरेको पाइयो । तर, महानगर अन्य शहरोन्मुख तथा ग्रामिण क्षेत्रमा यो प्रजातीको मासु ठुलो परिमाणमा अनौपचारिक रुपमा घरायसी उपभोगको लागि खपत हुने गरेको सरोबारवालाहरुले अध्ययनका क्रममा बताएका छन् ।

मासुका लागि राँगा भैसीको व्यवसायिक पालन नभए पनि पोखराका ग्रामिण क्षेत्रमा दुधका लागि पालिने पशुमध्ये भैसी हो । महानगरको तथ्यांक अनुसार दुधको लागि हुने भैसी पालनबाट पोखरा क्षेत्रमा मासिक औसत करिब १ सय मेट्रिक टन मासु उत्पादन हुने गरेको छ । तर, त्यसको करिब २५ प्रतिशत समुदाय स्तरमा र ४५ प्रतिशत बाहिरी बजार क्षेत्रमा अनौपचारिक रुपमा खपत हुने गरेको अध्ययनले देखाएको छ । यसरी स्थानीय स्तरमा हुने उत्पादनको ठुलो हिस्सा समुदाय स्तरमा नै खपत हुने भएकाले मुख्य बजार क्षेत्रमा करिब ३० प्रतिशत मात्रै आपूर्ती हुने गरेको पाइयो ।


त्यसकारण, व्यवसायिक प्रयोजनको लागि खपत हुने यस प्रजातीको मासुको प्रमुख स्रोत (करिब ६५ प्रतिशत) नेपालको तराइ क्षेत्र रहेको पाइयो । त्यसमध्ये पनि केही हिस्सा सिमावर्ती भारतीय क्षेत्रबाट समेत आयात हुने गरेको व्यवसायीहरुको भनाई छ । बाँकी करिब ३५ प्रतिशत भने महानगरका ग्रामिण क्षेत्र तथा छिमेकी गाँउपालिका र जिल्लाहरुबाट संकलन गरेर आपूर्ती गर्ने गरेको देखियो ।

**चित्र १०: राँगा भैसी (मासु)को माग र आपूर्तीको मौषमी प्रवृत्ती**




स्रोत: स्थलगत सर्वेक्षण

**चित्र ११: राँगा भैसी (मासु)को मूल्यको मौषमी प्रवृत्ती**




राँगा भैसीको मासुको मौषमी प्रवृत्ती हेर्दा भदौ र असोज महिनामा यसको माग वा खपत घट्ने गरेको देखियो । स्थानीय आपूर्ती न्यून भएकाले चित्रमा आपूतीको स्तम्भ देख्न सकिदैन तर माग घट्दा पनि मूल्यमा भने खासै प्रभाव परेको देखिदैन । आर्थिक वर्ष २०७६/७७ को चैत देखी जेठसम्म भने कोरोना महामारीका कारण माग र मूल्य दुबैमा प्रतिकुल असर पर्न गएको देखियो ।


**भेडा बाख्रा** (mutton)


पोखरामा सबैभन्दा धेरै खपत हुने मासुमध्ये भेडा बाख्रा प्रजातीको मासु प्रमुख हो। मूख्य बजार क्षेत्रमा औपचारिक रुपमा हुने व्यवसायिक कारोबारलाई आधार मान्दा यो प्रजातीको मासुको माग मासिक औसत करिब ५० मेट्रिक टन रहेको देखिन्छ। उत्पादनका हिसावले प्रसस्त सम्भावना भए पनि महानगर क्षेत्रमा मासुका लागि भेडा बाख्राको व्यवसायिक पालन कम रहेको देखिन्छ। तर महानगरका ग्रामिण क्षेत्रमा सानो सानो स्तरमा भए पनि बाख्रापालनलाई आय आर्जनको प्रमुख स्रोतको रुपमा उपयोग गर्ने गरिएको छ। महानगरको तथ्यांक अनुसार त्यसरी सानो स्तरमा हुने बाख्रापालनबाट पनि मासिक औसत ५५ मेट्रिक टन हाराहारीमा यो प्रजातीको मासु उत्पादन हुने देखिन्छ।

उद्यपी, स्थानीय स्तरमा उत्पादन हुने भेडा बाख्राको मासु मध्ये करिब ८० प्रतिशत समुदाय स्तरमा र अनौपचारिक बजारमा खपत हुने गरेको आंकलन छ । फलस्वरुप, मूख्य बजार क्षेत्रमा हुने व्यवसायिक खपतको करिब २० प्रतिशत मात्रै महानगरको स्थानीय उत्पादनले धान्ने गरेको देखियो । भेडा बाख्राको मासुमा सबैभन्दा ठुलो आपूर्तीकर्ता भने महानगरका छिमेकी गाँउपालिका र जिल्लाहरु रहेको पाईयो, जहाँबाट कुल मागको करिब दुई

तिहाई (५० प्रतिशत) आपूर्ती हुने गरेको तथ्यांकले देखाएको छ। बाँकी मध्ये करिब २० प्रतिशत नेपालको तराई क्षेत्रबाट आपूर्ती हुने गरेको पाइयो भने १० प्रतिशत जति सिमावर्ती भारतीय क्षेत्रबाट समेत आयात गरेर पोखरामा आपूर्ती गर्ने गरेको पाइयो।


**चित्र १२: भेडा बाखा (मासु)को माग र आपूर्तीको मौषमी प्रवृत्ती**




स्रोतः स्थलगत सर्वेक्षण

**चित्र १३: भेडा बाखा (मासु)को मूल्यको मौषमी प्रवृत्ती**






संगठित औपचारिक बजार मार्फत खपत हुने भेडा बाखाको मासुमा स्थानीय आपूर्ती अत्यन्तै न्यून भएकाले चित्रमा यसको आपूर्ती स्तम्भ देखिएको छैन। कोरोनाको अवधीलाई नहेर्ने हो भने भेडा बाखाको मासुको माग र मूल्य सामान्य परिवर्तन बाहेक गत दुई वर्षमा माग आपूर्ती र मूल्य सबै लगभग स्थिर रहेको देखिन्छ।

### कुखुरा (chicken)

सामान्य अवस्थामा मासिक औसतमा करिब ३०० मेट्रिक टन उत्पादन हुने उन्नत (ब्रोइलर तथा लेयर्स) जातका कुखुराको मासुमा पोखरा महानगर लगभग आत्मनिर्भर रहेको अध्ययनले देखाएको छ। त्यसरी उत्पादन हुने उन्नत जातका कुखुराको मासु करिब दुई तिहाई (२०० मेट्रिक टन हाराहारी) घरायसी उपभोग र अनौपचारिक तथा असंगठित बजार मार्फत बिक्री बितरण हुने गरेको देखियो। तसर्थ, संगठित औपचारिक बजारमा मासिक औसत १२० मेट्रिक टन खपत हुने गरेको सर्वेक्षणले देखाएको छ। त्यसमध्ये महानगर क्षेत्रमा नै हुने उत्पादनले कुल मागको ९० प्रतिशत धान्ने गरेको र करिब १० प्रतिशतको हाराहारी छिमेकी गाँउपालिका र अन्य जिल्लाबाट आपूर्ती हुने गरेको तथ्यांकले देखाएको छ।


**चित्र १४: कुखुरा (मासु)को माग र आपूर्तीको मौषमी प्रवृत्ती**





स्रोत: स्थलगत सर्वेक्षण

**चित्र १५: कुखुरा (मासु)को मूल्यको मौषमी प्रवृत्ती**




सामान्य उतारचढावलाई छोड्ने हो भने कुखुरा मासुको माग, आपूर्ती र मूल्य सबै मौषममा लगभग एकै खालको रहने गरेको देखियो । तर, आर्थिक वर्ष २०७६/७७ मा भने कोरोना महामारीका कारण चैत बैशाख र जेठमा मागमा आएको उच्च गिरावटका कारण माग भन्दा आपूर्ती बढी हुँदा मूल्यमा समेत कमी आएको देखिन्छ। खुला बजारका कारण कतिपय अवस्थामा यहाँको उत्पादन अन्य जिल्लामा जाने र अन्य जिल्लाहरु बाट समेत आयात हुने गरेको उत्पादक तथा व्यवसायीले स्विकारेका छन् ।

**चित्र १६: स्थानीय कुखुरा (मासु)को आपूर्ती स्रोत**





कुखुरा वर्गमा नै पर्ने विभिन्न प्रजातीका स्थानीय कुखुरा तथा हाँस लगायतका पञ्छीको मासु पनि पोखरामा मासिक करिब १० मेट्रिक टन खपत हुने गरेको तथ्यांक प्राप्त भएको छ। सबै मौषममा नै समान माग हुने यस प्रजातीको मासुमा भने पोखरा महानगरको स्थानीय उत्पादनले जम्मा १५ प्रतिशत मात्रै धान्ने गरेको देखिएको छ । छिमेकी गाँउपालिका र जिल्लाहरुबाट गरि ३२ प्रतिशत र तराईका जिल्लाबाट बाँकी ५३ प्रतिशत आपूर्ती हुने गरेको तथ्य उजागर भएको छ।

### अण्डा (egg)

कुखुराको मासुमा आत्मनिर्भर भए पनि अण्डामा भने अझै पनि स्थानीय उत्पादनले महानगरको कुल माग धान्न सकेको देखिएन । महानगरको तथ्यांक अनुसार पोखरा क्षेत्रमा मासिक करिब २ लाख क्यारेट अण्डा उत्पादन हुने गरेको देखिन्छ । सो उत्पादनको करिब ३० प्रतिशत घरायसी उपभोग, समुदाय र असंगठित बजारमा खपत हुने जानकारी अध्ययनका क्रममा सरोकारवालाहरु बाट प्राप्त भएको छ। बाँकी ७० प्रतिशत (करिब १ लाख ४० हजार क्यारेट) संगठित बजार मार्फत औपचारिक रुपमा मूख्य बजार क्षेत्रमा विक्रि वितरण हुने गरेको पाईएको छ।


माग पक्षलाई हेर्दा औपचारिक बजारमा सामान्य अवस्थामा मासिक करिब २ लाख ५० हजार क्यारेट अण्डा खपत हुने तथ्यांक प्राप्त भएको छ। यसबाट पोखरा महानगरको मूख्य बजार क्षेत्रमा व्यवसायिक प्रयोजनको लागि खपत हुने अण्डाको करिब ६० प्रतिशत हिस्सा स्थानीय उत्पादनले धान्ने गरेको देखियो भने छिमेकी गाँउपालिका र जिल्लाको उत्पादनले २० प्रतिशत धानेको पाइयो। अझै अपुग हुने २० प्रतिशत भने तराई क्षेत्र (खासगरि चितवन) बाट आपूर्ती हुने अण्डाले धान्ने गरेको देखियो।

**चित्र १७: कुखुरा (अण्डा)को माग र आपूर्तीको मौषमी प्रवृत्ती**




स्रोत: स्थलगत सर्वेक्षण

**चित्र १८: कुखुरा (अण्डा)को मूल्यको मौषमी प्रवृत्ती**





बिगत दुई वर्षमा अण्डाको मासिक माग र आपूर्तीमा खासै उतारचढाव देखिएको छैन । तर, आर्थिक वर्ष २०७५/७६ को तुलनामा २०७६/७७ मा मागसँगै स्थानीय उत्पादन (आपूर्ती)को हिस्सामा उल्लेख्य वृद्धि भएको देखिन्छ । २०७६/७७ चैत देखी जेठसम्म भने कोरोना महामारीका कारण मागको तुलनामा आपूर्ती बढी हुन गई मूल्यमा समेत गिरावट आएको देखिन्छ।

**माछा (fish)**


साना ठुला गरि १० वटा तालहरु रहेको पोखरा महानगरको प्रमुख पहिचान मध्ये स्थानीय माछा पनि एक हो । सामान्य अवस्थामा मासिक औसत १५ मेट्रिक टन खपत हुने माछामा पोखराको स्थानीय उत्पादनले करिब आधा मात्रै माग धान्ने गरेको अध्ययनले देखाएको छ । बाँकी मध्ये १० प्रतिशत छिमेकी गाँउपालिका (मूख्यगरि रुपा गाँउपालिका) तथा छिमेकी जिल्ला र अरु ४० प्रतिशत तराई क्षेत्रबाट आयात हुने गरेको देखियो । खपतको मौषमी प्रवृत्ती हेर्दा कात्तिक देखी बैशाख सम्मको माछाको माग अन्य महिनाको तुलनामा उच्च रहने गरेको देखियो । मागको तुलनामा कम भए पनि स्थानीय माछाको आपूर्ती भने कात्तिक र मंसिरमा सबैभन्दा धेरै हुने गरेको देखियो भने चैत देखी असार सम्म अत्यन्तै न्यून रहेको पाईयो ।

**चित्र १९: माछाको माग र आपूर्तीको मौषमी प्रवृत्ती**




स्रोत: स्थलगत सर्वेक्षण

**चित्र २०: माछाको मूल्यको मौषमी प्रवृत्ती**





माछाको माग र आपूर्तीमा देखिने मौषमी परिवर्तन अनुसार मूल्यमा पनि उतारचढाव हुने गरेको तथ्यांकले देखाएको छ । यद्यपी, कोरोना महामारीका कारण गरिएको लकडाउनको अवधीमा भने मागमा समेत उच्च गिरावट आएको, आपूर्ती प्रभावित भएको र मूल्यमा प्रतिकुल असर परेको देखियो ।

### सुँगुर–बँगुर (pig-pork)


सुँगुर–बँगुर प्रजातीको मासुको हकमा अध्ययनले अलि फरक तथ्यांक प्रस्तुत गरेको छ। सामान्य अवस्थामा मासिक औसत ३० मेट्रिक टन व्यवसायिक खपत हुने यो प्रजातीको मासुको उत्पादन भने मासिक करिब ७० मेट्रिक टन हुने गरेको देखिएको छ । यसले पोखरा महानगर सुँगुर–बँगुर प्रजातीको मासुमा आत्मनिर्भर मात्र नभएर अन्य जिल्लाहरुमा निर्यात गर्न समेत सफल भएको देखाएको छ। कुल उत्पादनको करिब ४५ प्रतिशत व्यवसायिक थोक बजार मार्फत बिक्रि हुने यो प्रजातीको मासु २५ प्रतिशत खुद्रा बजारमा खपत हुने र बाँकी ३० प्रतिशत छिमेकी जिल्लामा बिक्रि हुने गरेको उत्पादकहरुको भनाई छ।

चित्र २१ः सुँगुर–बँगुर (मासु)को माग र आपूर्तीको मौषमी प्रवृत्ती




स्रोतः स्थलगत सर्वेक्षण

चित्र २२ः सुँगुर–बँगुर (मासु)को माग र आपूर्तीको मौषमी प्रवृत्ती




कोरोना महामारी (लकडाउन)को अवधीलाई अपवाद मान्ने हो भने अन्य अवधीमा सबै मौषमा यसको माग, आपूर्ती र मूल्यमा लगभग खासै उतारचढाव नहुने गरेको देखियो । लकडाउको अवधीमा भने मागमा आएको उच्च ह्रासले गर्दा मूल्यमा पनि गिरावट आएको देखियो।

### माछा मासुमा प्रमुख समस्या (major problems on meats)

- भेडा बाखा र राँगा भैसीको न्यून स्थानीय उत्पादन (very low local production of mutton and buff items)


- कुखुराको मासुका लागि प्रयाप्त सर्वसुलभ शित भण्डारणको अभाव र अनियन्त्रित आयात (lack of adequate cold storage and unregulated import of chicken)
- लेदो सहितको वर्षाको बाढीले तालको माछाका भुरा मर्ने तथा ठुला माछा बगाउने समस्या (fishes swep away by the flood)
- स्थानीय जातका हाँस कुखुराको व्यवसायिक पालन मौलाउन नसकेको (no commercial farming of indeginious chicken and duck)

## ग. ताजा दुध (fresh milk)

साविकको पोखरा उपमहानगरपालिकामा छिमेकी गाविसहरूका साथै तत्कालीन लेखनाथ नगरपालिका समेत गाभिएको हुँदा महानगरमा दुध उत्पादनको सम्भावना प्रसस्त रहेको देखिन्छ। यद्यपी, अधिकांश (६० प्रतिशत) दुध उत्पादकहरुले असंगठित र खुद्रा रुपमा विक्री वितरण गर्दै आएको र घरायसी उत्पादन तथा उपभोगको तथ्यांक उपलब्ध हुन नसक्दा दुधको कुल खपतको परिमाण यकिन गर्न भने सकिएन। परम्परागत कृषि प्रणालीको बाहुल्यता र व्यवसायिक पशुपालन न्यून रहे पनि पोखरा महानगर ताजा दुधमा आत्मनिर्भर उन्मुख रहेको तथ्य अध्ययनले देखाएको छ।


महानगर क्षेत्रमा गाइ तथा भैसीको दुबैको दुध उत्पादन तथा खपत हुने भए पनि भैसीको दुधको हिस्सा करिब ७५ प्रतिशत रहेको देखिन्छ भने २५ प्रतिशत हिस्सा गाइको दुधले ओगटेको पाइयो। पोखराको मुख्य बजार क्षेत्रमा खपत हुने दुधमा महानगर क्षेत्रको उत्पादनले करिब ६० प्रतिशत माग धान्ने गरेको देखियो भने छिमेकी गाँउपालिका तथा जिल्लाहरुबाट करिब ४० प्रतिशत आपूर्ती हुने गरेको तथ्यांकले देखाएको छ।

**चित्र २३: ताजा दुधको माग र आपूर्तीको मौषमी प्रवृत्ती**




स्रोत: स्थलगत सर्वेक्षण

**चित्र २४: ताजा दुधको मूल्यको मौषमी प्रवृत्ती**




कोरोना महामारीका कारण गरिएको लकडाउनको अवधीलाई गणना नगर्ने हो भने पोखरामा दुधको माग र आपूर्ती लगभग सबै मौषममा स्थिर रहने गरेको देखिन्छ। फलस्वरुप, गत दुई वर्षमा दुधको मूल्यमा पनि खासै उतारचढाव भएको देखिदैन। तर, दुधको मूल्य बजारको माग र आपूर्ती भन्दा पनि सरकारी निर्णय अनुसार परिवर्तन हुने भएकाले पनि स्थिर देखिएको हो।

**ताजा दुधमा प्रमुख समस्या** (major problems on fresh milk)

- वर्षा मौषममा अधिक र अन्य समयमा कम उत्पादन (seasonal production of milk-high production in rainy season and low in other months)
- प्रयाप्त सर्वसुलभ चिस्यान केन्द्रको अभावमा दुध फाट्ने विग्रने समस्या (milk fragmentation due inadequate chilling vat facilities)
- दुधमा मिसावटको समस्या (milk adeltration resulted into low quality)


## घ. तरकारी समूह (vegetable group)

यस समूहमा विभिन्न प्रजातीका गरि दर्जनौ कृषी उपजहरु पर्दछन्। तर, सबै प्रजातीका तरकारीहरुको उत्पादन सबै मौषममा नहुने र कतिपय मौषममा धेरै प्रजातीका तरकारीहरु उत्पादन हुने भएकाले तरकारी समूहका सम्पूर्ण उत्पादनलाई विभिन्न उप-समूहमा विभाजन गरेर विश्लेषण गरिएको छ।

**ताजा तरकारी** (seasonal vegetables)


यस उप-समूहमा विभिन्न मौषम तथा बेमौषममा समेत उत्पादन हुने सिमी, बोडी, घिरौला, चिचिण्डा, लौका, फर्सी, करेला, रायो तथा पालक जस्ता सागहरु, भण्टा तथा भिण्डी, भेडे खुर्सानी, धनीया आदी समावेश गरिएको छ। यस्ता खालका तरकारीको उत्पादन व्यवसायिक तथा संगठित कृषकको तुलनामा असंगठित र मौषमी अनुकुलता अनुसार खेती गर्ने कृषकको अनुपात बढी हुने भएकाले कुल उत्पादनको करिब ५० प्रतिशत असंगठित खुद्रा बजार र घरायसी उपभोगका लागि चोक तथा गल्लीमा डुलाएर समेत बिक्री हुने गरेको पाइयो। यसर्थ, संगठित थोक बजार मार्फत हुने बिक्री (माग)को तुलनामा आपूर्ती बढी रहेको देखिन्छ (चित्र २५)।

**चित्र २५: ताजा तरकारीको माग, आपूर्ती र मूल्यको मौषमी प्रवृत्ती**




स्रोत: स्थलगत सर्वेक्षण

**चित्र २६: ताजा तरकारीको मूल्यको मौषमी प्रवृत्ती**




तर, अध्ययनको क्रममा अलि फरक तथ्य प्राप्त भएको छ। थोक बजारमा भने स्थानीय उत्पादनको तुलनामा पोखरा बाहिरबाट आयात हुने मौषमी तरकारीको अनुपात बढी रहेको देखिन्छ। संगठित थोक बजारमा मासिक औसत करिब ८० मेट्रिक खपत हुने मौषमी तरकारी मध्ये करिब ५० प्रतिशत मात्र स्थानीय उत्पादनले धान्ने गरेको तथ्यांकले देखाएको छ। बाँकी मध्ये १० प्रतिशत छिमेकी गाँउ तथा जिल्ला, ३० प्रतिशत तराई क्षेत्र र १० प्रतिशत काठमाडौं क्षेत्रबाट समेत आयात हुने गरेको पाइयो।

तुलनात्मक रुपमा बढी तापक्रममा उत्पादन हुने घण्टा, भिण्डी, करेला, खुर्सानी जस्ता वस्तुहरु त लगभग शतप्रतिशत नै बाहिरबाट आयात हुने गरेको पाइयो। कतिपय अवस्थामा त छिमेकी मुलुक भारतबाट समेत आयात हुने गरेको देखियो। उपरोक्त तथ्यले के संकेत गर्दछ भने पोखरामा मौषमी तरकारीको माग र स्थानीय उत्पादनको आपूर्तीको बिचमा व्यापक असन्तुलन कायम छ।

**सलाद परिकार** (salad items)

यस उप-समूहमा गाजर, मुला र काँक्रो समावेश छन्। मासिक औसत ७ मेट्रिक टन खपत हुने यो उप-समूहका तरकारीको उत्पादन पोखरा महानगर क्षेत्रमा चैत देखी असार सम्म बढी हुने गरेको देखिन्छ। सो अवधीमा स्थानीय उत्पादनले यहाँको माग पुरा गरेर अन्य जिल्लामा समेत निर्यात हुने गरेको पाईयो। त्यसरी, बढी उत्पादन हुने समयमा उत्पादकहरुले करिब ५० प्रतिशत उत्पादन खुद्रा तथा असंगठित बजारमा, १० प्रतिशत सिधै होटेल रेष्टुरेण्ट आदीमा र ४० प्रतिशत थोक बजारमा बिक्री गर्ने गरेको भेटियो। अन्य महिनाहरुमा भने होटेल रेष्टुरेण्ट


जस्ता व्यवसायिक क्षेत्रको माग यथावत नै रहने तर स्थानीय उत्पादन न्यून हुने भएकाले बाहिरबाट आयातित उत्पादनमा निर्भर हुनु पर्ने अवस्था रहेको पाइयो ।

समग्रमा हेर्दा सलाद परिकारको कुल माग मध्ये करिब एक तिहाई (३० देखि ३५ प्रतिशत) स्थानीय उत्पादनले धान्ने गरेको देखियो भने बाँकी बाहिरबाट आयात हुने गरेको पाइयो । बाहिरबाट आउने मध्ये छिमेकी गाँउ र जिल्लाबाट करिब १० प्रतिशत, तराई क्षेत्रबाट ४० प्रतिशत र बाँकी २० प्रतिशतको हाराहारी काठमाडौं क्षेत्रबाट आपूर्ती हुने गरेको आंकलन गरिएको छ । कतिपय अवस्थामा त छिमेकी देश भारतबाट समेत आयात हुने गरेको व्यवसायीहरुको भनाई छ ।

### च्याउ (mushroom)


अध्ययनका क्रममा च्याउमा पनि अनौठो तथ्य फेला परेको छ । थोक बजार मार्फत हुने संगठित कारोबारको तुलनामा मात्रै हेर्ने हो भने पोखरा महानगर च्याउमा आत्मनिर्भर रहेको देखियो । थोक बजारमा मासिक औसत ३ मेट्रिक टन माग रहेको च्याउको उत्पादन भने करिब ५ मेट्रिक टन रहेको देखिन्छ । तर, थोक बजारको खरिद स्रोत हेर्ने हो भने स्थानीय उत्पादनले करिब ४५ प्रतिशत मात्रै माग धान्ने गरेको देखिन्छ । त्यो पनि आर्थिक २०७५/७६ को ६२ प्रतिशतबाट २०७६/७७ मा घटेको देखिन्छ । बाँकी मध्ये छिमेकी गाँउ तथा जिल्लाबाट करिब १५ प्रतिशत आपूर्ती हुने गरेको देखियो भने तराई क्षेत्रबाट २० प्रतिशत र काठमाडौं क्षेत्रबाट २० प्रतिशत आयात हुने गरेको देखियो ।

**चित्र २७: च्याउको माग र आपूर्तीको मौषमी प्रवृत्ती**




स्रोतः स्थलगत सर्वेक्षण

**चित्र २८: च्याउको मूल्यको मौसमी प्रवृत्ती**





उत्पादकको नजरबाट हेर्दा कुल उत्पादनको ६० प्रतिशत खुद्रा तथा असंगठित बजारमा बिक्री हुने गरेको देखियो भने ४० प्रतिशत थोक बजार र होटेल रेष्टुरेण्टहरुमा बिक्री गर्ने गरेको पाईयो। यसको अर्थ महानगरमा उत्पादन भएको च्याउ मूख्य बजार बाहिरका क्षेत्र र घरायसी उपभोगमा कुल उत्पादनको करिब आधा च्याउ खपत हुने गरेको र थोक बजार तथा व्यवसायिक उपभोगको लागि अपुग हुने गरेको देखियो।


**काउली प्रजाती** (cauliflowers)

यस उप-समूहमा फुल गोभी, ब्रोकाउली र बन्दा गोभी समावेश छन्। संगठित थोक बजार मार्फत लगभग सबै मौषममा गरि मासिक औसत २० मेट्रिक टनको हाराहारी खपत हुने यो उप-समूहका तरकारीको स्थानीय उत्पादन भने मौषमी रहेको देखिन्छ। खासगरी, कात्तिक देखी चैतसम्म स्थानीय उत्पादनले बजार मागको करिब आधा आपूर्ती गर्ने र अन्य महिनामा बाहिरका उत्पादनको भरमा बजार चल्ने गरेको देखियो।

माग र आपूर्तीमा आउने परिवर्तनका कारण यी तरकारीको मूल्यमा पनि उतारचढाव हुने गरेको देखिन्छ। व्यवसायीहरुका अनुसार बजारमा छिटो छिटो मूल्य परिवर्तन हुने तरकारीमा काउली प्रजातीका तरकारी पनि प्रमुख हुन। उत्पादकको तर्फबाट हेर्दा कुल उत्पादनको करिब २० प्रतिशत सोझै होटेल रेष्टुरेण्ट र पार्टी प्यालेसमा बिक्री गर्ने गरेको पाईयो भने ५० प्रतिशत थोक बजारमा र ३० प्रतिशत खुद्रा तथा असंगठित बजारमा बिक्री गर्ने गरेको देखियो।


**चित्र २९: काउली प्रजातीको माग र आपूर्तीको मौसमी प्रवृत्ती**




स्रोत: स्थलगत सर्वेक्षण


चित्र ३०: काउली प्रजातीको मूल्यको मौषमी प्रवृत्ती




थोक व्यवसायीको खरिद स्रोतको मूल्यांकन गर्दा संगठित बजारको कुल खपतमा स्थानीय उत्पादनले औसतमा करिब ४० प्रतिशत धान्ने गरेको देखियो । बाँकी मध्ये छिमेकी गाँउ तथा जिल्लाबाट करिब १० प्रतिशत आपूर्ती हुने गरेको पाईयो भने ३० प्रतिशतको हाराहारी तराई क्षेत्रबाट आयात हुने र २० प्रतिशत काठमाडौं क्षेत्रबाट हुने आयातले धान्ने गरेको पाईयो । अन्य तरकारीमा जस्तै यसमा पनि कतिपय अवस्थामा भारतबाट आयात गरेर समेत स्थानीय माग धान्नु पर्ने अवस्था रहेको पाईयो ।

### आलु (potato)

चित्र ३१: पोखरामा खपत हुने आलुको आपूर्ती स्रोत




आलु पोखरामा मात्र नभएर लगभग सबै स्थानमा सदावहार रुपमा खपत हुने तरकारी हो । तर, यसको उत्पादन भने सबै मौषममा हुँदैन । तसर्थ, अधिकांश समय सुरक्षित भण्डारणमा राखिएको आलु नै कारोबार हुने गर्छ । पोखरा महानगरका मुख्य शहरी क्षेत्र बाहेकका सबै क्षेत्रमा सानो ठुलो परिमाणमा आलु उत्पादन हुने र घरायसी उपभोगमा प्रयोग हुने गरेको छ । हेम्जा लगायतका केही क्षेत्रमा व्यवसायिक खेती हुने गरे पनि सबैभन्दा धेरै उत्पादन भने फागुन देखी बैशाखको अवधीमा हुने गरेको देखियो । त्यसरी उत्पादित आलु करिब ४० प्रतिशत खुद्रा बजारमा र ५० प्रतिशत जती थोक बजारमा बिक्री गर्ने गरेको पाईयो भने बाँकी घरायसी यपभोग र बिउको लागि भण्डारण गर्ने गरेको भेटियो ।


मासिक औसत ४० मेट्रिक टन कारोबार हुने संगठित थोक बजारको खरिद स्रोतको मूल्यांकन गर्दा कुल खपतमा स्थानीय उत्पादनले औसत करिब २० प्रतिशत मात्र धान्ने गरेको देखियो । बाँकी मध्ये छिमेकी गाँउ तथा जिल्लाबाट करिब १० प्रतिशत आपूर्ती हुने गरेको पाईयो भने २० प्रतिशतको हाराहारी तराई क्षेत्रबाट आयात हुने र ३० प्रतिशत काठमाडौं क्षेत्रबाट हुने आयातले धान्ने गरेको पाईयो । अझै अपुग २० प्रतिशत छिमेकी भारतबाट आयात गरेर आपूर्ती गर्ने गरेको पाईयो ।

### गोलभेडा (tomator)

गोलभेडा पनि आलु जस्तै सदावहार कृषी उत्पादन हो, जुन तरकारी मात्रै नभएर मासु लगायतका अन्य परिकारमा समेत प्रयोग हुन्छ। पछिल्लो समय बढ्दै गएको प्रविधिको उपयोगका कारण यसको उत्पादन लगभग सबै मौषममा हुने गर्छ । पोखरा महानगरमा पनि मुख्य शहरी क्षेत्र देखी ग्रामिण वडाका सबै क्षेत्रमा सानो ठुलो परिमाणमा गोलभेडा उत्पादन हुने गरेको छ। गोलभेडाको स्थानीय उत्पादन यती नै परिमाणमा हुन्छ भनेर किटान गर्न नसके पनि कुल उत्पादनको करिब ४५ प्रतिशत असंगठित खुद्रा बजारमा र ५० प्रतिशतको हाराहारी थोक बजारमा बिक्री हुने गरेको पाईयो भने बाँकी ५ प्रतिशत होटेल रेष्टुरेण्ट तथा पार्टी प्यालेसहरुले सिधै खरिद गर्ने गरेको भेटियो ।


थोक बजारको खरिदलाई आधार मान्दा कुल खपतको करिब ४० प्रतिशत स्थानीय उत्पादनले धान्ने, ५ प्रतिशत छिमेकी गाँउ तथा जिल्लाबाट आउने, ३० प्रतिशतको हाराहारी तराई क्षेत्रबाट र १५ प्रतिशत काठमाडौं क्षेत्रबाट आयात हुँदा समेत अपुग रहेको करिब १० प्रतिशत विदेश (खासगरि भारत) बाट आयात हुने गरेको देखिन्छ ।

**चित्र ३२: गोलभेडाको माग र आपूर्तीको मौषमी प्रवृत्ती**




स्रोत: स्थलगत सर्वेक्षण

**चित्र ३३: गोलभेडाको मूल्यको मौषमी प्रवृत्ती**




संगठित थोक बजारमा मासिक औसत ७५ मेट्रिक टनको हाराहारीमा खपत हुने गोलभेडाको उत्पादन अन्य महिनाको तुलनामा जाडो मौषम (खासगरि मंसिरदेखि फागुनसम्म) मा कम हुने गरेको देखियो। सो अवधीमा आपूर्ती मात्र नभएर माग समेत कम हुने हुँदा मूल्यमा पनि गिरावट आउने गरेको तथ्यांकले दोखाएको छ ।

**तरकारीमा प्रमुख समस्या (major problems on vegetables)**

- पर्याप्त सर्वशुलभ चिस्यान केन्द्रको अभावमा कुहिने समस्या (dammage and westage due inadequate cold storage facilities)
- बेमौषमी तरकारीमा लाग्ने रोगको समयमा नै पहिचान र उपचारको समस्या (inadequate facilities for promt identification and cure of deseases)
- बेमौषममा न्यून उत्पादनको समस्या (very low production in off-season)

# ३. समस्या र चुनौती (problems and Challenges)

पोखराको स्थानीय अर्थतन्त्रको प्रमुख संवाहक मध्ये कृषि तथा पशुपालन क्षेत्र पनि हो । यद्यपि, यहाँको कृषि प्रणाली परम्परागत र निर्वाहमुखी भएकाले यसलाई आधुनिकीकरण र व्यवसायीकरणको आवश्यकता रहेको देखिन्छ । खेतीयोग्य भूमिको तीव्र रुपान्तरण पनि कृषीको आधुनिकिकरण र उत्पादनको स्तरवृद्धिका लागि एक गम्भीर चुनौति रहेको सरोकारवालाहरुको भनाई छ । पछिल्लो २० वर्षमा भू-उपयोग प्रवृत्ती हेर्दा संरचना निर्माण भएको क्षेत्र महानगरको कुल क्षेत्रफलको २२.७ प्रतिशतबाट बढेर २६.६ प्रतिशत पुगेको देखिन्छ ।

परिणामतः सोही अवधिमा खेती गरिएको जमिनमा उल्लेख्य गिरावट आई कुल क्षेत्रफलको ५०.४ प्रतिशत बाट घटेर ३९.२ प्रतिशतमा झरेको देखिन्छ । सोही अवधीमा जमिन बाँझो राख्ने प्रवृत्ति पनि वृद्धि भएर कुल खेतीयोग्य जमिनको तुलनामा बाँझो जमिनको अनुपात २.२ प्रतिशत बाट बढेर १२.२ प्रतिशत पुगेको अनुमान छ । पोखरा महानगरपालिकको समथर भूभागमा सेती, फेवा तथा बेगनास तालका साथै विजयपुर खोला बाट निकालिएका नहर मार्फत सिंचाइ सुविधा पुगेको भए पनि उर्वर कृषि भूमि र विशाल फाँटहरु मासिदै जाँदा जैविक विविधतामा ह्रासका साथै कृषी उत्पादनमा कमी आएको छ । तर, पहाडी तथा ग्रामिण वडाहरुमा उचित सिचाई सुविधाको अभावमा उच्च मूल्यका बाली एवम् मसला, प्राङ्गारिक तरकारी तथा फलफूल बालीको विस्तारमा समस्या रहेको अध्ययनको क्रममा जानकारी प्राप्त भएको छ ।

**सरोकारवाला तथा उत्तरदाताहरु बाट संकलित समस्या तथा चुनौतीहरुः**

- दर्ता नभएका फर्म, उत्पादक तथा विक्रेता संग प्रतिस्पर्धा गर्न कठिन
- व्यवसायिलाई महंगो पसल भाडा तथा उच्च करको भारबाट पर्न गएको समस्या
- COVID-19 को कारणले उत्पादनमा गिरावट आई आर्पूतीमा श्रृङ्खलामा समस्या
- बेमौषमी उत्पादन कम हुनाले मुल्यमा तिब्र उतारचढावको समस्या
- भारतवाट आयात हुने सस्ता वस्तुका कारण स्थानीय उत्पादनको संरक्षण र प्रवर्धनमा समस्या
- उत्पादित वस्तुको मूल्य निर्धारण वैज्ञानिक नहुदा मूल्यमा तिब्र उतारचढावको समस्या
- अस्थायी प्रकृतीका बिक्री कक्षमा विद्युत आपुर्तिको समस्या तथा महँगो विद्युत महशुल
- माग अनुसारको स्थानिय उत्पादन नहुदा वाहिरवाट आपुर्ति गर्नु पर्दा गुणस्तरको समस्या
- बजारमा केही व्यवसायी र बिचौलीयको एकाधिकार हुँदा कृतिम अभाव र मूल्य वृद्धिको समस्या
- गुणस्तरीय मासु विक्रिका लागी आधुनिक पशुबधशाला तथा मासु प्रशोधन स्थलको अभाव
- किसानको उत्थान र कृषीको विकासका लागि स्थानिय र माथिल्लो तहका सरकारको प्रभावकारी सहयोग र संरक्षणको अभाव
- ग्रामिण क्षेत्रमा उत्पादित वस्तुको सहज ढुवानि र वितरणका लागी १२ महिना चल्ने सडकको अभाव

- उत्पादित वस्तुलाई लामो समयसम्म भण्डारण गरि राख्नको लागि प्रयाप्त चिस्यान केन्द्रको समस्या
- स्थानीय सरकार र संबन्धित पक्षवाट अव्यवस्थित वजारको व्यवस्थापन र अनुगमन प्रभावकारी हुन नसक्नु
- तरकारी बजार तथा मण्डीको फोहोर व्यवस्थापन प्रभावकारी हुन नसकेको
- सरकार तथा अन्य निकायवाट प्राप्त हुने अनुदान तथा सहयोग वास्तविक किसानले प्राप्त गर्न नसकेको
- उत्पादक र थोक विक्रेता तथा खुद्रा विक्रेता विच हुने उधारो कारोवारको व्यबस्थापनमा समस्या
- कुखुरा तथा पशुपालनका साथै हरिया सागसव्जीमा लाग्ने रोगब्याधीको समयमा नै निदान र उचित औषधि उपचारमा समस्या
- वाढी पहिरो असिना अगायतका प्राकृतिक प्रकोपवाट हुने क्षति न्यूनिकरण र क्षतिपूर्ती (बीमा) को व्यवस्था प्रभावकारी नहुनु
- उचित समयमा सर्वसुलभ रुपमा मल बिउ तथा अन्य उत्पादनका सामग्रकौ आपूर्ती हुन नसक्नु
- उत्पादक तथा व्यवसायीका लागी आवश्यक जमिन लगायत कोठाको करार संझौतामा समस्या
- तालमा समयमै प्रयाप्त र गुणस्तरिय भुरा छोड्नुपर्ने गुनासो
- कृषि क्षेत्रमा आधुनिक प्रविधिको प्रयोग नभएको जसले गर्दा वढि लागत लाग्ने गरेको यस विसयमा सरकारि निकायवाट आवस्यक सहयोग नभएको
- कृषि क्षेत्रमा आवास्यक र प्रयाप्त सोध अनुसन्धान नभएकाले प्रमाणमा आधारित (evidence based) निति तथा कार्ययोजना निर्माण हुन नसकेको
- कृषि उपजमा लेवलिङ र प्याकेजिङ नहुँदा यसको गुणस्तर अभिवृद्धि र व्यवसाय प्रवर्धनमा समस्या
- उत्पादन तथा भण्डारण स्थल बाटै कृषि उपज चोरी हुने र हराउने समस्या
- उत्पादनमा आधारित अनुदान प्रणाली अवलम्वन नहुँदा र आवस्यक अनुगमन तथा मुल्याङकनको अभावमा कृषकका नाममा आउने सहुलीयत सुविधा तथा अनुदान सदुपयोग हुन नसकेको
- सहुलीयतपूर्ण कृषि कर्जा प्राप्त गर्ने प्रकृया अत्यन्तै झञ्झटीलो र वितरणमा अनियमितता हुने गरेको

# ४. नतिजा सारांश र सुझाव (summary and suggestions)

माथि प्रस्तुत तथ्याङक विश्लेषण र सर्वेक्षणका क्रममा सरोकारवालाहरुबाट प्राप्त सूचनाको लेखाजोखाको आधारमा यस अध्ययनबाट प्राप्त नतिजा तपशिल बमोजिम रहेको छन् ।

- पोखरामा खपत हुने प्रमुख फलफुल मध्ये एक स्याऊ यहाँ उत्पादन नभए पनि छीमेकी गाँउपालिका तथा जिल्ला मनाङ र मुस्ताङमा प्रशस्त सम्भावना छ । तर, त्यो उत्पादन संघीय राजधानी काठमाडौं लगायत अन्य शहरमा समेत जाने भएकाले स्थानीय बजारमा भारत र चिन बाट आयत हुने स्याउको बाहुल्यता रहेको पाइयो ।
- महानगर भित्रै व्यापक सम्भावना भएको सुन्तलाको उत्पादन विस्तारै घट्दै गएको र यहाँको उच्च गुणस्तरको सुन्तला काठमाण्डौ समेत जाने हुँदा स्थानीय बजारमा माग अनुसार आपूति कम देखियो ।
- केराको उत्पादन भने यस क्षेत्रमा अत्यन्तै न्युन रहेको हुदा यसको आपूर्ति तराईका जिल्ला र भारतवाट समेत आयात हुने गरेको देखियो ।
- पोखरामा खपत हुने माछा मासुमा ब्रोइलर कुखुराको मासु प्रमुख रहेको र यसमा महानगर करिव आत्मनिर्भर रहेको पाइयो । अण्डामा भने स्थानीय उत्पादनले मागको करिव ६० प्रतिशत मात्र धानेको र बाँकि चितवन लगायतका जिल्लावाट आपूर्ति हुने गरेको देखियो ।
- भेडा वाखा प्रजातिको मासुको स्थानीय उत्पादन अत्यन्तै न्युन रहेकाले मागको अधिकांश हिस्सा वाहिरवाट आयातित भेडा बाखा मार्फत पूर्ती हुने गरेको पाईयो । महानगर भित्र खपत हुने राँगा भैसिको मासुको आपूर्ति मागको करिव ३० प्रतिशत मात्रै भएकाले वाकि तराइवाट आयात हुने गरेको पाइयो ।
- माछाको हकमा पनि स्थानीय उत्पादनले करिव आधा मात्रै माग धानेको हुदा वाकि वाहिरवाट आपूर्ति भएको देखियो । सुँगुर–बँगुर प्रजातीको मासुमा भने पोखरा महानगर आत्मनिर्भर मात्र नभएर करिव २० प्रतिशत अन्य जिल्लाहरुमा निर्यात गर्न समेत सफल भएको देखिएको छ ।
- करिब ६० प्रतिशत दुध उत्पादकहरुले असंगठित र खुद्रा रुपमा विक्री वितरण गर्दै आए पनि पोखरा महानगर ताजा दुधमा आत्मनिर्भर उन्मुख रहेको छ । आफ्नै उत्पादनले करिब ६० प्रतिशत माग धान्ने गरेको देखियो भने बाँकी छिमेकी गाँउपालिका र अन्य जिल्लाबाट समेत आपूर्ती हुने गरेको देखियो ।
- तरकारीको हकमा व्यवसायिक तथा संगठित कृषकको तुलनामा असंगठित र मौषमी अनुकुलता अनुसार खेती गर्ने कृषकको अनुपात रहेको महानगरमा कुल उत्पादनको करिब ५० प्रतिशत असंगठित खुद्रा बजार र घरायसी उपभोगका लागि चोक तथा गल्लीमा डुलाएर बिक्री हुने गरेको पाइयो ।

- समग्र मौषमी तरकारी समूहमा स्थानीय उत्पादन र बाहिरबाट आयात हुने तरकारीको अनुपात लगभग बराबर रहेको देखियो । पोखरामा छिमेकी गाँउ तथा जिल्लाका साथै काठमाडौं र तराई क्षेत्रबाट प्रसस्त तरकारी आयात हुने गरेको पाइयो ।
- सलाद परिकारका तरकारिको उत्पादन सिजनमा माग भन्दा वढि भएको पाइयो भने अफ सिजनमा भने मागको करिव एक तिहाइ मात्र स्थानीय उत्पादनले धान्ने गरेको देखियो । थोक बजार मार्फत हुने संगठित कारोबार अनुसार पोखरा महानगर च्याउमा भने आत्मनिर्भर रहेको देखिन्छ ।
- काउलि प्रजातिका तरकारिमा खासगरी, कात्तिक देखी चैतसम्म स्थानीय उत्पादनले बजार मागको करिब आधा आपूर्ती गर्ने र अन्य महिनामा बाहिरका उत्पादनको भरमा बजार चल्ने गरेको देखियो ।
- आलुको सन्धर्भमा कुल खपतमा स्थानीय उत्पादनले औसत करिब २० प्रतिशत मात्र धान्ने गरेको देखियो । बाँकी मध्ये छिमेकी गाँउ तथा जिल्लाबाट तथा तराई क्षेत्र तथा  काठमाडौंका साथै छिमेकी भारतबाट समेत आयात हुने गरेको पाइयो ।
- गोलभेडाको हकमा थोक बजारको खरिदलाई आधार मान्दा कुल खपतको करिब ४० प्रतिशत स्थानीय उत्पादनले धान्ने बाहिरबाट आयात हुने गरेको देखिन्छ ।

**सुझाव** (Suggestions)

अध्ययनको क्रममा प्राप्त सूचना विश्लेषण र विज्ञहरुको रायका आधारमा तपशिल बमोजिमका सुझाव प्रस्तुत गरिएको छन् ।

- महानगर क्षेत्रमा प्रशस्त उत्पादन हुन सक्ने सम्भावना भएका वस्तुहरुको व्यवसायिक उत्पादन प्रवर्द्धनका लागि सरोकारवालाहरु र निजी क्षेत्रको समेत सहभागितामा कृषी विकास रणनीति र कार्ययोजना तर्जुमा गरि कार्यान्वयनमा लैजानु पर्ने ।
- छिमेकी गाँउपालिका तथा जिल्लाहरुमा उत्पादनको सम्भावना भएका वस्तुहरुको उत्पादन प्रवर्द्धनका लागि सम्वन्धित स्थानीय तह, जिल्ला र प्रदेश सँगको समझदारीमा साझा रणनीति र कार्ययोजना बनाएर अगाडी बढ्ने ।
- उत्पादक र उपभोक्ता (खासगरि होटेल पार्टीप्यालेस जस्ता व्यवसायिक उपभोक्ता) हरुलाई प्रत्यक्ष सम्पर्कमा जोड्न र बजारमा बिचौलियाको मनोमानी कम गर्न सूचना प्रविधिमा आधारित बजार सूचना प्रणाली निर्माण गरेर अनलाईन बाटै खरिदबिक्री गर्न सक्ने वातावरण बनाउने ।
- कृषी उत्पादनको बजार प्रणालीलाई थप सबलिकरण गर्न आवश्यक पूर्वाधारहरु जस्तैः विस्तारित थोक बजार, शित भण्डारण यातयात सञ्जालको निर्माण गर्ने ।

- माछाको व्यवसायिक उत्पादन प्रवर्द्धन गर्न तालहरुको प्राकृतिक अवस्था संरक्षण गर्ने, वर्षाको बाढीका कारण माछाको प्राकृतिक वासस्थान विनास हुनबाट बचाउँने, वार्षिक करिब ५० देखि ६० लाख नयाँ भुरा छाड्ने र जालीमा माछा पाल्ने जस्ता कार्यक्रमलाई प्राथमिकता दिने ।
- निर्वाहमुखी कृषीलाई व्यवसायिक बनाउन सहकारी तथा कृषक समूहका साथै साना व्यवसायीहरुलाई नियमित रुपमा तालिम, प्राविधिक परामर्श, उत्पादनमा आधारित अनुदान जस्ता कार्यक्रम प्रभावकारी रुपमा लागु गर्ने ।
- संघ तथा प्रदेश सरकारले घोषणा गरेका सहुलीयतपूर्ण कर्जा, ब्याजदर अनुदान कर्जा, व्यवसायिक कृषी कर्जा जस्ता कृषी क्षेत्र लक्षित कार्यक्रमको पहुँच स्थानीय स्तरमा पुऱ्याउन सबै तहका सरकार तथा सरोकारवालाहरु सँग सहकार्य गर्ने ।
- कृषी उत्पादनको गुणस्तर कायम गर्न र स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्न गुणस्तर तथा नापतौलको मापदण्ड तयार गरि नियमित रुपमा प्रभावकारी अनुगमन र मूल्यांकन गर्ने । त्यसका लागि मानगरमा खाद्य पदार्थ तथा गुण नियन्त्रण एकाई गठन गरेर परिचालन गर्ने ।
- भेडा बाखा तथा राँगा भैसी प्रजातीको मासुमा प्रशस्त सम्भावना भए पनि स्थानीय स्तरमा व्यवसायिक उत्पादन न्यून रहेको शन्दर्भमा व्यवसायिक बाखा पालन र भैसीका पाडा (राँगा) पालनलाई प्रवर्द्धन गर्न विशेष कार्यक्रम ल्याउने ।
- व्यवसायिक कृषीको सर्वसुलभ विद्युत आपूर्तीको व्यवस्था गरेर त्यसमा प्रयोग हुने विद्युतको महशुलमा सहुलीयत दिने ।
- वातावरणमैत्री शहरी विकास र पूर्वाधार निर्माणका मापदण्ड प्रभावकारी रुपमा लागु गरेर कृषी भूमीको क्षयीकरण हुनबाट जोगाउने ।